# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जामुनवारी झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्या -२०८१।०८२

चलानी नं. -२४६८

मिति २०८२।०१।१४

श्री वडा कार्यालय सबै,

श्री विषयगत शाखा सबै,

श्री सरोकारवाला (निर्माण व्यवसायी, उपभोक्ता समिति, टोल विकास संस्था, लगायत नगरपालिकासँगको कार्यक्रम संचालन गर्न सम्झौता भएका संस्था) सबै

विषय : योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयमा आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सम्झौता भएका योजना तथा कार्यक्रमको भुक्तानी जेष्ठ मसान्त सम्ममा गरिसक्नु पर्ने भएकोले आ-आफ्नो वडा अन्तर्गत संचालित योजना तथा कार्यक्रमको कार्यसम्पन्न गरी भुक्तानीका लागि मिति २०८२/०२/३० सम्ममा नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । मिति २०८२/१/२१ को महालेखा नियन्त्रक कार्यालयको समानिकरण अनुदान कटौती भएको पत्र तथा संघीय राजश्व बाँडफाड समेत अनुमानको तुलनामा न्यून प्राप्त हुने देखिएकोले तोकिएको मिति भित्रमा भुक्तानीका लागि पेश नभएका योजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०८२/८३ का लागि दायित्वमा नसारिने भएकोले भुक्तानी हुन नसकेमा सम्बन्धित सरोकारवाला स्वयं नै जिम्मेवार हुनुपर्ने साथै हालसम्म सम्झौता नभएका तथा कुनै योजना कार्यक्रम सम्पन्न भई बचत रहेको रकम स्वत फ्रिज हुने कानुनी प्रावधान रहेकोले बचत रकमबाट कार्यान्वयन हुने गरी योजना/कार्यक्रम पेश/सिफारिस नगर्नुहुन विषयगत शाखा तथा वडा कार्यालयलाई समेत जानकारी गराइन्छ ।

**श्री सूचना प्रविधि शाखा :** सम्बन्धित सबैको जानकारीका लागि वेवसाइटमा अपलोड गर्नुहुन ।

२०८२।२।१४

नारायण न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०२३-४०११५५

Email- kanakai.mun@gmail.com